# अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिका
गोरखा

बैठक नं. १३७

मिति : २०८२।०५।२९ गते आइतवार

आज मिति २०८२ साल भाद्र २९ गते आइतवारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १३७ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा

२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ

४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ

५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी

६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ

७. ५ नं. वडा अध्यक्ष श्री विर्ख ध्वज गुरुङ्ग

८. कार्यपालिका सदस्य सदिक्षा गुरुङ

०९. कार्यपालिका सदस्य विन्दा तामाङ

१०. कार्यपालिका सदस्य उमा गुरुङ उमा

११. कार्यपालिका सदस्य कमला सुनार

१२. कार्यपालिका सदस्य सनिल परियार

१३. कार्यपालिका सदस्य धनराज घले

१४. प्रमुख प्रशासकीय अधिकृत श्री रचना बुढाथोकी

व्यवस्थापन सहयोगी

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)

श्री प्रनभ गोपाली (सूचना प्रविधि अधिकृत)

श्री जगजीत कापर (प्रशासन सहायक)

श्री ईश्वर वाग्ले

श्री राजिव गुरुङ (का.स)

अजिरकोट गाउँपालिका
मिति २०८२।०५।२९ गते आइतवार

## गाउँ कार्यपालिकाको १३७ औं बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।

१. पृष्ठभूमी

अजिरकोट गाउ कार्यपालिकाको २०८२ श्रावण २९ गते १३६ औ बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

अजिरकोट गाउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणकको लागि समिक्षा गर्नुपर्ने भएको ।

३. निणर्यका आधार र कानूनी व्यवस्था

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

४. निर्णय हुनुपर्ने व्यहोरा

अजिरकोट गाउँ कार्यपालिकाको १३६ औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थााको समिक्षा गरियो ।

| क.स. | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | अजिरकोट गाउँपालिकाको नगर प्रहरी कार्यविधि स्विकृती गर्ने समवन्धमा । | गरिएको । | |
| २ | अजिरकोट गाउँपालिकाको गाउँसभा द्वारा स्वीकृत दरवन्दीतर्फ Staff Nurse पदमा सेवा करारमा कर्मचारी भर्ना गर्ने । | गरिएको । | |
| ३ | अजिरकोट गाउँकार्यपालिका कार्यालय र गाँउकार्यपालिका मातहत कार्यालयमा आन्तरिक श्रोततर्फ कार्यरत करार कर्मचारीहरुको तलब स्केल गर्ने । | गरिएको । | |
| ४ | तह वृद्धिको निर्णय सदर गर्ने । | गरिएको । | |
| ५ | अजिरकोट गाउँपालिकाको आ.व. २०८२/०८३ को दररेट तथा नर्म्स स्वीकृत गर्ने । | गरिएको । | |

प्रस्ताव नं. १ - स्वीकृत दरवन्दी अन्तर्गत अ.हे.व पदमा सेवा करारमा कर्मचारी भर्ना गर्ने ।

१. पृष्ठभूमी

अजिरकोट गााउँपालिकामा स्थायी स्वीकृत दरवन्दी अन्तर्गत भच्चेक आधारभुत अस्पतालमा अ.हे.व पदमा १ जना जनशक्ति रिक्त रहेको।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

अजिरकोट गााउँपालिका भच्चेक आधारभुत अस्पतालमा अ.हे.व पदमा रिक्त रहेका स्वीकृत दरबन्दि मार्फत जनशक्ति व्यवस्थापन गरेर सेवाप्रवाह गुणस्तर अभिवृद्धि गर्न करार सेवामा पदपुर्तिको लागि विज्ञापन गर्नुपर्ने भएको ।

निर्णयका आधार र कानूनी व्यवस्था

स्थानिय सरकार संचालन ऐन, २०७४ र अजिरकोट गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन म्बन्धी कार्यविधि, २०८० अनुसार गाउँपालिकाले करार सेवामा विभिन्न पदहरुमा कर्मचारी भर्ना गर्न सक्ने

निर्णय हुनुपर्ने व्यहोरा

जिरकोट गााउँपालिकामा स्थायी दरवन्दि अन्तर्गत तपसिलको पदमा जनशक्ति व्यवस्थापन मार्फत वाप्रवाहमा गुणस्तर अभिवृद्धि गर्न करार सेवामा पदपुर्तिको लागि विज्ञापन गरी सेवा करारमा भर्ना गर्ने ।

पसिलः

| .स. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| | अ.हे.व | ४ | १ | स्वीकृत दरवन्दी |

स्ताव नं २ - विविध

स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि-२०८२ अन्तरगत अजिरकोट उँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतलाई श्रावण १ गतेबाट स्थानीय तहको सातौं तहको अधिकृत रमा सम्झौता गरी कामकाज गराउने ।

अजिरकोट गाउँपालिका भित्रका नागरिकहरूले राष्ट्रिय परिचयषत्र बनाउन जिल्ला सदरमुकाम सम्म नुपर्ने बाध्यतालाई मध्यनजर गर्दै, राष्ट्रिय परिचयपत्र सेवा प्रवाहलाई सहज, प्रभावकारी र पहुँचयोग्य नाउनको लागि यस गाउँपालिकाले आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, साथै जिल्ला प्रशासन कार्यालय रखा सँगको समन्वयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग आवश्यक उपकरण माग गर्न पत्रचार री अस्थायी स्टेसनमार्फत राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा सञ्चालन गर्ने।

अजिरकोट गाउँपालिका भित्र रहेको "थानी पार्क लगायत अन्य सार्वजानिक स्थल "लाई ब्यबस्थित गरी चालन गर्न आवश्यक रहेकाले इच्छुक व्यक्ति ,संस्थालाई प्रस्ताव आह्वानको लागि सूचना प्रकाशन गर्ने।

अजिरकोट गाउँपालिकाको वडा नं. ३ निवासी कुम्भराज गुरुङको छोरा विश्वास गुरुङ रोजगारीको लसिलामा साउदी अरेवियामा दुर्घटनामा परि मिति २०-०६-२०२५ को दिन निधन भएकाले निजको पार्थिव रीर अजिरकोट गाउँपालिकामा ल्याउनु पर्ने हुँदा निजको परिवारको आर्थिक अवस्था नाजुक भएकोले जिरकोट गाउँपालिकाद्वारा सामाजिक सहायता कोष बाट १,००,००० |- (अक्षेरुपि एक लाख) मृतकको रवारलाई राहत उपलब्ध गराउने निर्णय गरियो ।

अजिरकोट गाउँपालिकाको आ.व २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम अनुसार वडा नं ३ को वेक बजारको **"अस्पताल मार्ग"** कालोपत्र कार्यको लागि ठेक्का ब्यबस्थापन गर्न सूचना प्रकाशन गरिसकेको उक्त सडक स्तरोन्नतिको कार्यलाई सहज, गुणस्तरीय र समयमै सम्पन्न गर्न गाउँपालिकको यातायात योजना (MTMP) मा व्यवस्था भएको उक्त सडकको मापदण्ड ***"सडकको केन्द्रदेखि ३.५ मिटर दायाँ बायाँ*** कायम गर्नुपर्ने भएकोले उक्त मापदण्ड भित्र रहेको घर, टहरा, छानो, पर्खाल, पसल तथा अन्य अस्थायी चना हटाउ सरोकारवालाहरुलाई जनाकारीको लागि सूचना प्रकाशन गर्ने ।

६) यस अजिरकोट गाउँपालिका वडा नं. ५ मुच्चोकटार निवासी अम्बिका वि.क र लक्क बहादुर कामीको घरमा मिति २०८२।०५।०१ गते विहान करिब ४ बजे घर तलबाट पहिरो खस्या घरको शौचालय, आँगन बगाएर लगेको साथै उक्त घरहरु समेत पहिरोको जोखिममा परी बस्न नमिल्ने भएकोले सामाजीक सहायता शिर्षकबाट विपद राहत स्वरुप घर धनीहरु अम्बिका वि.क र लक्क बहादुर कामीलाई रु २०,०००/२०,०००।- (अक्षरूपी विस हजार मात्र) का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

७) मिति २०८२ असार ०९ गते बसेको कार्यपालिकाको प्रस्ताव नं. ११ मा अजिरकोट गाउँपालिकाको कार्यालयमा कार्यरत हेभी इक्विपमेन्ट चालकलाई मासिक १३ हजारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भएकोमा विविध कारण छुट हुन गएकोले उक्त रकम प्रोत्साहन फिल्ड भत्ता शीर्षकबाट उपलब्ध गराई मासिक १३ हजारका दरले ६ महिनाको रु ७८,०००।- (अक्षरूपी अठत्तर हजार मात्र) उपलब्ध गराउने।

८) तपसिल बमोजिमको योजनाहरुमा निम्न अनुसारको बजेट विनियोजन गर्ने ।

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट (रु) | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | भच्चेक आधारभुत अस्पतालको परीसर सौन्दर्यकरण | अजिरकोट - ३ | १,५०,०००।- | गाउँपालिकाभित्रका मुख्य बजारक्षेत्रको सरसफाई हरियाली तथा वातावरणमैत्री कार्यक्रम | |
| २ | गाउँपालिका तथा वडा स्तरमा तिज विशेष कार्यक्रम संचालन | अजिरकोट - ३ | १,२०,०००।- | राष्ट्रिय तथा अतराष्ट्रिय दिवस मनाउने | |
| ३ | कालिका मन्दिरमा दर्शै कोट पूजा | अजिरकोट - ३ | १५,०००।- | विविध कार्यक्रम खर्च | |
| ४ | पारिखेत खानेपानी योजना | वडा नं ४ | १,००,०००।- | खानेपानी योजना निर्माण | |
| ५ | सिमजुङ कालिका मन्दिर कोट पूजा | वडा नं ४ | १५,०००।- | विविध कार्यक्रम खर्च | |
| ६ | वडा नं ५ को बाटो सरसफाई | वडा नं ५ | ३,००,०००।- | सार्वजानिक निर्माण | |
| ७ | वुद्धज्योति आ.वि. शौचालय मर्मत | वडा नं ३ | १,००,०००।- | सार्वजानिक निर्माण | |
| ८ | कारागार कार्यालय, गोरखा | गोरखा न.पा | २०,०००।- | विविध कार्यक्रम खर्च | |
| ९ | भच्चेक प्रहरी चौकी मौलो पूजा तथा दशै पूजा | अजिरकोट-३ | १०,०००।- | विविध कार्यक्रम खर्च | |
| १० | वालुवा प्रहरी चौकी मौलो पूजा तथा दशै पूजा | अजिरकोट ४ | १०,०००।- | विविध कार्यक्रम खर्च | |
| ११ | चनौटे प्रहरी चौकी मौलो पूजा तथा दशै पूजा | अजिरकोट ५ | १०,०००।- | विविध कार्यक्रम खर्च | |
| १२ | ईलाका प्रहरी कार्यालय, जौबारी | सिरानचोक गा.पा. | १५,०००।- | विविध कार्यक्रम खर्च | |
| १३ | बाँसबोट खोल्सी घुम्ती सडक संरक्षण | वडा नं. १ | ५,२५,०००।- | भु-संरक्षण | |